पञ्चपुरी नगरपालिका

# स्थानीय राजपत्र

पञ्चपुरी नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ पञ्चपुरी संख्याः २ मितिः २०८२/०१/२३

## भाग-३

## पञ्चपुरी नगरपालिका

कृषि विकास शाखा

**पञ्चपुरी नगरपालिकाको कृषि उपज वस्तु उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१**

*कार्यपालिकाबाट स्वीकृत मितिः- २०८१/१२/०४*

**प्रस्तावनाः**

कर्णाली प्रदेशको सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिका कृषि तथा पशुजन्य वस्तुको उत्पादनका हिसाबले हेर्दा प्रचुर सम्भावना रहेको र अधिकांस क्षेत्रहरुमा कृषकहरु व्यवसायिक रुपमा उत्पादनमा लागि रहेका छन्। सम्भाव्यताको आधारमा कृषकहरुले उत्पादन गरेका विभिन्न बालीवस्तुहरुमा उत्पादित परिमाण तथा त्यसको बिक्रिको आधारमा

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

लालविर भण्डारी
नगर प्रमुख

आधारित रहि अनुदान उपलब्ध गराउन बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) वमोजिम पञ्चपुरी नगर कार्यपालिकाको मिती...................... को बैठकले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भ

यो कार्यविधिको नाम " कृषि उपज वस्तु उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

यो कार्यविधि स्विकृत भई राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ।

२. परिभाषा र व्याख्या

क) "नगरपालिका" भन्नाले पञ्चपुरी नगरपालिकालाई सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले पञ्चपुरी नगरपालिको कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "प्रमुख" भन्नाले पञ्चपुरी नगरपालिको नगरपालिका प्रमुख

घ) "उपप्रमुख" भन्नाले पञ्चपुरी नगरपालिको नगरपालिका उपप्रमुख

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च) "वडा" भन्नाले नगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनुपर्दछ।

छ) "कृषक" भन्नाले कृषि तथा पशुपालन ब्यबसायलाई प्रमुख पेशा तथा रोजगरीको रुपमा लिई कार्य गरेको व्यक्ति वा समूहलाई जनाउने छ।

ज) "अनुदान" भन्नाले नगरपालिकामा एक बर्षमा एक जना कृषकले तोकिएको परिमाणमा तोकिएको कृषि उपजको उत्पादन गरि सेवा प्रदाएक संस्था मार्फत बिक्री वितरण गरेबापत प्राप्त गर्ने अनुदानलाई सम्झनु पर्दछ।

झ) "सेवा प्रदायक संस्था" भन्नाले कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान लाभग्राहीलाई उपलब्ध गराउनको लागि पञ्चपुरी नगरापलिका सँग सम्झौता गरी मान्यता प्राप्त संस्थालई जनाउने छ।

ञ) "लाभग्राही" भन्नाले कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान प्राप्तिका लागि योग्य व्यक्ति वा समूहलाई सम्झनु पर्दछ।

ट) "कृषि उपज वस्तु" भन्नाले परिच्छेद २ को दफा २ मा उल्लेख भएका बाली बस्तुलाई सम्झनु पर्दछ।

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

लालविर भण्डारी
नगर प्रमुख



CamScanner

## परिच्छेद - २
## कार्यक्रमको उदेश्य

यस कार्यविधिका उदेश्यहरु देहाय बमोजिम रहेका छन् ।

१. यस नगरपालिका भित्र रहेका निर्वाहमुखी कृषकहरुलाई उत्पादनमा आधारित अनुदानबाट प्रेरित गरी व्यवसायिकता तर्फ उन्मुख बनाई समग्र नगरपालिकाको कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने ।

२. कृषि उत्पादनको गुणस्तर कायम गरि कृषि तथा पशुजन्य वस्तुको उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक रुपमा प्रतिष्ठित दिगो आयआर्जनको भरपर्दो श्रोतको रुपमा विकास गर्ने ।

३. किसानहरुलाई संगठित रुपमा उत्पादन तथा बजारिकरणको लागि समुह, सहकारी तथा संकलन केन्द्रमा आवद्ध गराई कृषि तथा पशुजन्य उपजहरुलाई बजारिकरण गर्ने ।

४. समग्र नगरपालिकालाई कृषि तथा पशुजन्य बालीवस्तुमा आत्मनिर्भर बनाई निर्यातमुखी कृषि प्रणालीको विकास गर्ने ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन प्रक्रिया

१. अनुदान तथा सेवा प्रदायक संस्था तथा आर्थिक सहायता ।

१.१ यस नगरपालिकाबाट १५ दिनको सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालनको लागि ईच्छुक सेवा प्रदायक संस्थाहरुबाट अनुसुची ३ बमोजिमको ढाँचामा प्राप्त आवेदनको आधार, वडामा उत्पादनको सम्भाव्यताको आधार तथा अनुदान व्यवस्थापन समितिको निर्णयका आधारमा सेवाप्रदायक संस्थाहरु छनौट गरिनेछ ।

१.२. प्राप्त आवेदनहरुको छनौट अनुसूचि ५ बमोजिमको आधारमा अनुदान व्यवस्थापन समिति बाट निर्णय हुनेछ ।

१.२. छनौट भएका सेवा प्रदायक संस्थाहरु र नगरपालिका बिच अनुसूचि-२ बमोजिमको ढाँचामा सम्झौता हुनेछ ।

१.३ कृषकले कृषि उपज वस्तु उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि निर्धारित सेवा प्रदायक संस्था मार्फत कृषि उपजको कारोबार गरी कार्यालयमा सेवा प्रदायक संस्थाबाट अनुसूचि ३ बमोजिको ढाचामा निवेदन पेश गर्नुपर्नेछ । साथै अनुदान रकम भुक्तानीका लागि सेवा प्रदायक संस्थाले वडा स्तरिय अनुगमन प्रतिवेदन नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

१.५ सेवा प्रदायक संस्थाद्धारा कृषि उपजहरुको दैनिक खरिद बिक्रीहरुको रेकर्ड अनुसूचि ४ बमोजिमको ढाँचामा प्रत्येक कृषकहरुको अभिलेख वडा प्राविधिक वा तोकिएको कर्मचारीको रोहबरमा राख्नु पर्नेछ ।



लालविर भण्डारी
नगर प्रमुख

१.६. कुनै कृषि समुह फर्म वा कृषि सहकारीमा आवद्ध नभएको तर उत्पादन गरी नगरपालिकाभन्दा बाहिर निर्यात गरेको प्रमाण वडा वा सम्बन्धित निकायबाट सिफारिस भई आएमा अनुदानको लागि योग्य मानिनेछ।

१.७ कृषक तथा लाभग्राहिले आफै उत्पादन नगरी अनुदान लिने प्रयोजनका लागि अन्य ठाँउ बाट खरिद गरि लिएको कृषि तथा पशुजन्य बालि वस्तुमा अनुदान लिने लाभग्राहीबाट समीतीको सिफारिसमा कृषकले लिएको रकम नगरपालिकाको कोषमा जम्मा गर्न लगाईनेछ।

१.८ यो कार्यविधि स्वीकृत भएपश्चात सेवा प्रदायक संस्था मार्फत बिक्रि वितरण गरि अभिलेखिकरण गरिएका कृषकहरुलाई मात्र अनुदान रकम उपलब्ध गराईनेछ।

१.९ यस कार्यालयबाट उपलब्ध हुने अनुदानको शिर्षकमा अन्य कुमै संध/संस्थाबाट सोही शिर्षकहरुमा उदेश्य एक देखिने गरी प्राप्त अनुदानलाई दोहोरोपनाको रुपमा लिई यस संस्थाबाट अनुदान उपलब्ध गराईनेछैन।

२. अनुदान उपलब्ध हुने बालि वस्तु तथा रकम

यस कार्यविधि लागु भए देखि तपशिलका बालिबस्तुहरुको विक्रि वितरणको आधारमा अनुदान उपलब्ध गराईनेछ।

| क्र.सं | बालि/वस्तुको नाम | अनुदान रकम रुपैया | न्युनतम विक्री परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | गोलभेडा | २ प्रति केजि | ५०० के.जी. | |
| २ | आलु | २ प्रति केजि | २५० के.जी. | |
| ३ | अमिलो प्रजाती | ५ प्रति केजि | २०० के.जी. | |
| ४ | लहरे बाली | २ प्रति केजि | १०० के.जी. | |
| ५ | तरबुजा/खरबुजा | ३ प्रति केजि | ३०० के.जी. | |
| ६ | बदाम | ५ प्रति केजि | ५० के.जी. | |
| ७ | आप, लिचि | ५ प्रति केजि | १०० के.जी. | |
| ८ | पिडाँलु | २ प्रति केजि | २०० के.जी. | |
| ९ | लसुन/प्याज | ५ प्रति केजि | १०० के.जी. | |
| १० | काउली/बन्दा/ब्रोकाउली | ५ प्रति केजि | ५०० के.जी. | |
| ११ | मुला/गाँजर | ५ प्रति केजि | ५०० के.जी. | |
| १२ | केरा | ०.५० प्रति गोटा | १००० गोटा | |

लालविर भण्डारी
नगर प्रमुख



पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

३. सेवा प्रदायक संस्थाको सेवा सुविधा

छनौट भई सम्झौता भएका सेवा प्रदायक संस्थाहरुलाई कार्यक्रम सञ्चालन गरेबापतको तपशिलमा उल्लेखित सेवा सुविधाहरु उपलब्ध गराईनेछ।

तपशिल

क. एक सय जना सम्म कृषकलाई सेवा पुऱ्याए बापत बार्षिक एकमुष्ठ रकम रु ६,०००।- (अक्षरुपी छ हजार मात्र)

ख. एक सय देखी दुई सय सम्म कृषकलाई सेवा पुऱ्याए बापत बार्षिक एकमुष्ठ रु १२,०००।- ( अक्षरुपी बाह्र हजार मात्र)

ग. दुई सय देखी तीन सय सम्म कृषकलाई सेवा पुऱ्याए बापत बार्षिक एकमुष्ठ रु १८,०००।- ( अक्षरुपी अठार हजार मात्र)

घ. तीन सय भन्दा धेरै कृषकलाई सेवा पुऱ्याए बापत बार्षिक एकमुष्ठ रु २४,०००।- ( अक्षरुपी चौबिस हजार मात्र)

४. अनुदान व्यवस्थापन समितिको व्यवस्था

| | |
|---|---|
| क. संयोजक- | नगरपालिका प्रमुख |
| ख. सदस्य- | नगरपालिका उप-प्रमुख |
| ग. सदस्य- | प्रमुख प्रशासकीय अधिकृत |
| घ. सदस्य- | सम्बन्धित वडाको वडा अध्यक्ष |
| ङ. सदस्य- | आर्थिक विकास समिति संयोजक |
| च. सदस्य - | पशु विकास शाखा प्रमुख |
| छ. सदस्य- सचिव- | कृषि विकास शाखा प्रमुख |

ज. आवश्यकता अनुसार बैठकमा आमन्त्रित सदस्य राख्न सकिने।

५. अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

क. अनुदान मापदण्डको व्याख्या र छलफल गर्ने।

ख. सेवा प्रदायक संस्था मुल्याङ्कन तथा छनौट।

ग. आवश्यकता अनुसार अनुदानको परिमाण र दर संशोधन गर्ने।

घ. नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने।

ङ. अन्तिम भुक्तानी सिफारिस।

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

लालबिर भण्डारी
नगर प्रमुख

परिच्छेद ४

**विविध**

क. बाधा अड्काउ फुकाउ - यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै दुविधा भएमा अनुदान व्यवस्थापन समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

ख. प्रचलित कानुन बमोजिम हुने - यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**अनुसुची १**

**पञ्चपुरी नगरपालिकाको कृषि उपज वस्तु उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यक्रममा सहभगी हुन प्रस्ताव आह्वान सम्बन्धी सुचना**

पञ्चपुरी नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्विकृत कार्यक्रम अनुसार कृषि उपज वस्तु उत्पादनमा आधारित अनुदान कार्यक्रममा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा पञ्चपुरी नगरपालिका भित्रका सेवा प्रदायक संस्थाहरुबाट प्रस्ताव आह्वानका लागि यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र पञ्चपुरी नगरपालिकाको कृषि विकास शाखा वा वडा कार्यालयमा तपशिल वमोजिमका कागजात संलग्न गरी आवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा जानकारी गराइन्छ।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:

- अनुसुचि-३ अनुसारको निवेदन
- वडा कार्यालयबाट दोहोरो सुविधा नलिएको सिफारिस
- अनुदान कार्यक्रम सञ्चालन गर्ने स्थान वा उत्पादित कृषि सामाग्रीको फोटो।
- सहकारी/समुह/कृषि फर्म/ कृषिजन्य उत्पादन विक्रेताको हकमा दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, गत वर्षको लेखा परिक्षण प्रतिवेदनको फोटोकपी।
- अनुसुची -४ अनुसारको कृषकहरुको विवरण।
- कार्यक्रम माग सम्बन्धी कार्य समितिको निर्णयको प्रतिलिपि।

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

लालविर भण्डारी
नगर प्रमुख

## अनुसुची-२

### कृषि उपज वस्तु अनुदान कार्यक्रम संचालन गर्नका लागि सेवा प्रदायक संस्था र पञ्चपुरी नगरपालिका बीच

### सम्झौता पत्र

पञ्चपुरी नगरपालिका भित्रका व्यावसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्नका लागि तपसिल बमोजिमको पहिलो पक्ष भनिने पंञ्चपुरी नगरपालिका र दोस्रो पक्ष भनिने ..................... सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समुह/ कृषि फर्म/कृषक विच तपसिल बमोजिमको सम्झौता शर्तहरुमा राजी भई यस सम्झौता पत्रमा हस्ताक्षर गरी लियौ/दियौ ।

संम्झौताका शर्तहरुः

१. सेवा प्रदायक संस्थाले सम्बन्धित वडाको कृषकहरुलाई कृषि उपजको नियमित कारोबार गर्नको निम्ति आफ्नो संस्था, केन्द्र तथा समुहमा खेती विवरणको अभिलेख राखी सूचीकृत गर्नुपर्नेछ ।

२. दोस्रो पक्षले अनुदान प्राप्त गर्ने कृषक तथा व्यावसायीको सम्पुर्ण विवरण सहितको तथ्याङ्क सहित तोकिएको ढाँचामा निबेदन सहित रकम माग गर्ने ।

३. दोस्रो पक्षले तोकिएको मापदण्ड अनुसार रकम कुनैपनि भेदभाव बिना कृषकलाई उपलब्ध गराउने।

४. लाभग्राहीलाई अनुदान रकम उपलब्ध गराई सकेपछि त्यसको एक प्रति भरपाई नगरपालिकामा पेश गर्नुपर्नेछ।

५. लाभग्राहीलाई अनुदान रकम उपलब्ध गराउनका लागि प्रयोग गरिने फारमहरु तथा रेकर्ड राख्नुपर्ने रजिष्टर नगरपालिकाले .................. सेवा प्रदायक संस्थालाई उपलब्ध गराउने ।

६. अनुदानको रुपमा उपलब्ध गराईने रकम कुनैपनि बाहाना गरी संचालन तथा ब्यवस्थापन खर्च भनी कटाउन पाइने छैन ।

७. अनुदान वितरणका लागि तोकिएको क्षेत्रभन्दा बाहिर गई लक्षित वर्ग तथा लाभग्राहीलाई वितरण गर्न पाईने छैन ।

८. ..........................सेवा प्रदायक संस्थाको खातामा रकम निकासा भैसकेपछि एक महिना भित्र लाभग्राहीलाई अनुदान रकम उपलब्ध गराउनु पर्नेछ। समयमा रकम उपलब्ध नगराए प्रथम पक्षले कारवाहीका लागि कानुनी प्रकृया अगाडी बढाउनेछ।

९. अनुदान प्राप्त गर्ने लाभग्राहीको विवरण प्रत्यक महिनाको १० गते भित्र नगरपालिकामा पेश गर्नुपर्नेछ।

१०. यस सम्झौतामा उल्लेखित कुराहरु यसै बमोजिम हुने र अन्य हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| दस्तखतः | दस्तखतः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः |
| ठेगानाः पञ्चपुरी नगर कार्यपालिकाको कार्यालय, | ठेगानाः |
| मितिः | मितिः |
| कार्यालयको छापः | कार्यालयको छापः |

रोहवर

नामः

पदः

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

लालविर भण्डारी
नगर प्रमुख

## अनुसुची-३
## कृषि उपज वस्तु उत्पादनमा आधारित अनुदान सहयोग कार्यक्रममा सेवा प्रदायक संस्थाले कार्यालयमा पेश गर्ने आवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
पञ्चपुरी नगरपालिकाको कार्यालय, बाबियाचौर सुर्खेत

विषयः कृषि उपज वस्तु उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन पाउँ।

महोदय प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ................गते प्रकाशन गरिएको सुचना अनुसार पञ्चपुरी नगरपालिका वडा नं. .....................मा अवस्थित श्री .................................. सहकारी संस्था/ संकलन केन्द्र/कृषक समुह/ फर्म ले सामुहिक रुपमा कृषिजन्य वस्तुहरुको संकलन केन्द्र तथा कृषक समुह मातहतका कृषकहरु उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा समावेश हुन इच्छा रहेकाले तपसिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु।

तपशिलः

१. अनुसुची ३ बमोजिमको निवेदन पत्र।

२. वडा कार्यालयको सिफारिस।

३. सहकारी/समुह/कृषि फर्म/ कृषिजन्य उत्पादन विक्रेताको हकमा दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, गत वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी।

४. अनुसुची ४ अनुसारको कृषकहरुको विवरण।

५. कार्यक्रम माग सम्बन्धी कार्य समितिको निर्णयको प्रतिलिपि।

निवेदक
नाम,थरः
पदः
संस्थाको नामः
ठेगानाः
छापः
मोबाइल नः

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

लालविर भण्डारी
नगर प्रमुख

## अनुसुचि-४

सहकारी संस्था, संकलन केन्द्र, कृषक, कृषि फर्म तथा कृषक समुहको नामः

कृषकले गरेको खेती तथा उत्पादनको विवरणः

| सि.नं | कृषकको नाम | ठेगाना | फोन नं. | बाली/बस्तुको नाम | खेती गरेको क्षेत्रफल | बोट/ बिरुवा/ संख्या | उत्पादित परिमाण | दर | जम्मा रकम | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाविधाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

लालविर भण्डारी
नगर प्रमुख

## अनुसुची-५

### सेवा प्रदायक संस्था छनोटका आधारहरु:

| सि.नं. | आवेदक संस्थाको नाम | ठेगाना | संस्था दर्ता, नविकरण र अद्यावधिक (५ अङ्क) | भण्डारणको अवस्था ( १५अङ्क) | कृषक संख्या (१० अङ्क) | दैनिक संकलन र प्रशोधन गरेको परिमाण (१५ अङ्क) | सरसफाई व्यवस्थापन(५ अङ्क) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नोटः

- शित भण्डारणको ब्यवस्था भए १५ अङ्क, डि-फ्रिज भएमा १० अङ्क, नापतौल सामाग्री भएमा ५ अङ्क,
- २५ जना सम्म कृषक सदस्य भएमा ५ अङ्क, २५ देखि ५० सम्म भएमा ८ अङ्क र ५० देखि माथि भएमा १० अङ्क,
- दैनिक रुपमा २५ देखि ५० केजी संकलित कृषि तथा पशुजन्य वस्तुको भण्डारण र वजारिकरण का लागि ५ अङ्क, ५० देखि १०० केजी संकलित कृषि तथा पशुजन्य वस्तुको भण्डारण र वजारिकरण का लागि १० अङ्क, १०० केजी देखि माथि संकलित कृषि तथा पशुजन्य वस्तुको भण्डारण र वजारिकरण का लागि १५ अङ्क,
- पूर्ण रुपले सरसफाई र कार्यालय ब्यवस्थापन भए ५ अङ्क, कुनै २ कुरामा एक मात्र भए ३ अङ्क
- ढुवानी गाडी आफ्नै स्वामित्वमा भएको १० अंङक, गाडी सँग सम्झौता गरी ढुवानी व्यवस्था गर्दै आएकोमा ५ अङ्क, अन्यथा सून्य।

आज्ञाले,
गोकर्ण नाथ योगी
प्रमुख प्रशासकीय अधिकृत

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

लालविर भण्डारी
नगर प्रमुख